

**अमरेन्द्र यादव** मो. न. :- ९८५२८२०१५१
(युवा नेता , डाक्नेश्वरी नगरपालिका ) **email id** :amrendramission2084@gmail.com

मिति : २०८२/०४/२२

**"ध्यानाकर्षण पत्र"**

आदरणीय राष्ट्रिय अध्यक्षज्यू,
जनमत पार्टी,

विषय: पार्टी सचिवालयद्वारा प्रकाशित पत्रप्रति गम्भीर ध्यानाकर्षण

आदरणीय अध्यक्षज्यू,
मितिः २०८२/०४/२१ मा सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिएको पार्टी सचिवालयको पत्रप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ। उक्त पत्रमा अनुशासनको नाममा नेता-कार्यकर्तामाथि डर, त्रास र मानसिक दबाब सिर्जना गर्ने शैलीप्रति म गहिरो असहमति व्यक्त गर्दछु।

हाम्रो पार्टी जनताको बलिदान र सपनाबाट बनेको हो, न कि कुनै सामन्ती सोच, आदेशमुखी प्रवृत्ति वा दासत्व स्वीकार गर्ने संस्कारबाट। यदि पार्टी संचालनमा अहिले पनि राणा शासनजस्तो अहंकारपूर्ण दृष्टिकोण अपनाइँदैछ भने, म विनम्रतापूर्वक अनुरोध गर्दछु , त्यस्तो प्रवृत्तिबाट यथाशक्य छिटो बाहिर आउनुहोस्। इतिहासले देखाएको छ—संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल सत्तावादी प्रवृत्तिमाथिको जनताको विजय हो, जसमा हाम्रो पनि सक्रिय भूमिका रहेको छ।

हामी जस्ता युवाहरू आन्दोलनबाट आएका हौं, कुनै चाकरी वा चम्चागिरीबाट होइन। त्यसैले कागजी धम्कीबाट विचलित हुने छैनौं। हाम्रो आस्था सधैं देश र जनतामा रहन्छ—कुनै पार्टी, जात, धर्म, समुदाय वा व्यक्तिमा होइन।

मेरो स्पष्ट मान्यता छ ,पार्टी भन्दा माथि देश हुन्छ, नेताभन्दा ठूला जनता हुन्छन्। देश र जनताको हितमा टेकेर म निरन्तर अघि बढिरहनेछु। डर म भगवानसँग मात्र राख्छु, जसलाई मैले देश र जनताको रूपमा चिनें को छु ।

आदरणीय अध्यक्षज्यू,
जनमत पार्टीलाई साँच्चिकै देश र जनताको पार्टी बनाउने दिशामा अग्रसर हुनुहोस्। घर, परिवार, जात वा धर्मको घेराबाट माथि उठेर निष्पक्ष र न्यायपूर्ण नेतृत्व गर्नुहोस्। सत्ताको घमण्डले पार्टीका निष्ठावान कार्यकर्तालाई हेपिने अवस्था सिर्जना नगरियोस् भन्ने मेरो आग्रह छ।

अन्त्यमा—
**"खुट्टा भए जुत्ता छानीछानी पाइन्छ।"**
**"जुन चरालाई उड्न आउँछ, उसले आफ्नो पखेटामा विश्वास गर्छ।"**

धन्यवाद।
**अमरेन्द्र यादव**
*(जनमत पार्टी, सदस्य)*